# काठमाडौं महानगरपालिका

## नगर सभा

### अठारौं अधिवेशन

### कार्यसूची र समय तालिका

बैठक संख्याः १

अध्यक्षताः प्रमुख श्री बालेन्द्र शाह    बैठक स्थानः त्रिभुवन आर्मी अफिसर्स क्लव, भद्रकाली

सचिवः श्री सरोज गुरागाई

| मिति | बैठक बस्ने समय | कार्यसूची | प्रस्तुत कर्ता |
|---|---|---|---|
| २०८२ पुस ११ गते | विहान १० बजे | १. काठमाडौं महानगरपालिका विनियोजन ऐन, २०८२ मा पहिलो संशोधन विधेयक, २०८२ प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने । | प्रमुख श्री बालेन्द्र शाह |
| | | २. काठमाडौं महानगरपालिकाको चालू आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रममा संशोधन प्रस्ताव प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने । | |
| | | ३. महानगर प्रहरी ऐन,२०८० पहिलो संशोधन विधेयक २०८२ प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने । | |
| | | ४. काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४ संशोधन विधेयक २०८२ प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने । | |
| | | ५. काठमाडौं महानगरपालिका भवन निर्माण मापदण्ड, २०८० पहिलो संशोधन प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने । | |
| | | ६. ४३औं कार्यपालिकाबाट स्वीकृत भएको करार दरवन्दी अनुमोदन गर्ने । | |
| | | ७. लेखा समितिबाट पेश भएको बेरुजु नियमित गर्ने प्रतिवेदन प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने । | |
| | | ८. काठमाडौं महानगरपालिकाको संगठन संरचना तथा दरबन्दी पुनरावलोकन गर्ने कार्यको लागि बागमती प्रदेश सरकारबाट जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐनको दफा ५ बमोजिम गठित समितिबाट पेश हुने संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन नगर कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउन नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव नगर सभामा पेश गर्ने सम्बन्धमा । | |
| | | ९. विविध । | |

# काठमाडौं महानगरपालिका
## नगर सभा
## अठारौं अधिवेशन

**बैठक संख्या १ का निर्णयहरुः**

काठमाडौं महानगरपालिका नगर सभाको अठारौं अधिवेशन आव्हान भएको निर्धारित समय अनुसार आज मिति २०८२ साल पौष ११ गते शुक्रबार (नेपाल सम्वत ११४६ पोहेलाथ्व खस्थि) विहान १०:०० बजे बैठक संख्या १ का लागि निर्धारित कार्यसूचीका विषयमा प्रमुखको सभाध्यक्षतामा बैठक बस्यो । कुल नगर सभाका १६३ सदस्यमध्ये १४९ जना सदस्यहरु उपस्थित भई बागमती प्रदेश गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ५ बमोजिम नगर सभा सञ्चालन गर्न आवश्यक गणपुरक संख्या पुगेकोले सभाध्यक्षको बैठक कक्षमा उपस्थिति भएपश्चात बैठकमा उपस्थित सबै सदस्यहरु उठी राष्ट्रिय गानमा सरिक भै बैठक प्रारम्भ भयो । सभाध्यक्षबाट बैठकको कार्यसूची सभामा प्रस्तुत गरी निम्न विषयमा निम्नानुसार निर्णय गरियो ।

१. २०८२ साल पौष ११ गतेको ४५औं नगर कार्यपालिकाको बैठकको निर्णयले काठमाडौं महानगरपालिका नगर सभा अठारौं अधिवेशन, पहिलो बैठकका लागि निर्धारित कार्यसूचीको क्रमसंख्या १ र २ मा क्रमशः रहेको काठमाडौं महानगरपालिका विनियोजन ऐन, २०८२ मा पहिलो संशोधन विधेयक, २०८२ प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने र काठमाडौं महानगरपालिकाको चालू आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रममा संशोधन प्रस्ताव प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने प्रस्तावहरु नगर सभाको बैठकमा प्रस्तुत गर्न समय उपलब्ध गराए पश्चात काठमाडौं महानगरपालिकाका उपप्रमुख श्री सुनिता डंगोलले कार्यसूचीको क्रमसंख्या १ र २ मा रहेको विनियोजन ऐन, २०८२ मा पहिलो संशोधन प्रस्ताव र चालू आर्थिक वर्ष २०८२।८३ को बजेट तथा कार्यक्रममा संशोधन प्रस्ताव नगरसभाको बैठकमा प्रस्तुत गर्नुभयो ।

२. आजका बैठकको कार्यसूचीको क्रमसंख्या ३ मा रहेको महानगर प्रहरी ऐन, २०८० पहिलो संशोधन विधेयक २०८२, प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने, क्रमसंख्या ४ मा रहेको काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४ संशोधन विधेयक २०८२ प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने, र क्रमसंख्या ५ मा रहेको काठमाडौं महानगरपालिका भवन निर्माण मापदण्ड, २०८० पहिलो संशोधन २०८२ प्रस्तुत गर्ने, छलफल गर्ने र पारित गर्ने प्रस्तावहरु नगर सभाको बैठकमा प्रस्तुत गर्न समय उपलब्ध गराए पश्चात विधायन समितिका संयोजक श्री माचाराजा महर्जनले कार्यसूचीको क्रमसंख्या ३, ४ र ५ मा रहेको प्रस्तावहरु नगरसभाको बैठकमा प्रस्तुत गर्नुभयो ।

३. बैठकमा प्रस्तुत भएको कार्यसूचीको क्रमसंख्या १, २, ३, ४ र ५ मा रहेका प्रस्तावहरु उपर छलफलको लागि इच्छुक नगर सभाका सदस्यहरुलाई नाम टिपाउन समय उपलब्ध गराउँदा निर्धारित समयभित्र नगर सभाका सदस्यहरु श्री विजय श्रेष्ठ, भगवान बुढाथोकी, रोजिना श्रेष्ठ र सन्तोष ढुंगेलले प्रस्तुत भएको संशोधित बजेट तथा कार्यक्रम र कानुन संशोधन प्रस्तावका विषयमा आफ्नो भनाई राख्ने कार्य भयो ।

४. आजको बैठकको कार्यसूचीको क्रमसंख्या १ मा रहेको काठमाडौं महानगरपालिका विनियोजन ऐन, २०८२ मा पहिलो संशोधन विधेयक, २०८२ र क्रमसंख्या २ मा रहेको काठमाडौं महानगरपालिकाको चालू आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रममा संशोधन प्रस्ताव सम्बन्धमा सभाका सदस्यहरुले प्रस्तुत गर्नु भएको विषयवस्तुलाई समेत यथासम्भव समेटी पारित गर्न निर्णयार्थ पेश हुँदा सर्वसम्मत रुपमा पारित भयो ।

५. आजको बैठकको कार्यसूचीको क्रमसंख्या ३ मा रहेको महानगर प्रहरी ऐन,२०८० पहिलो संशोधन विधेयक २०८२ क्रमसंख्या ४ मा रहेको काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४ संशोधन विधेयक २०८२ र क्रमसंख्या ५ मा रहेको काठमाडौं महानगरपालिका भवन निर्माण मापदण्ड, २०८० पहिलो संशोधन, सम्बन्धमा सभाका सदस्यहरुले प्रस्तुत गर्नु भएको विषयवस्तुलाई समेत यथासम्भव समेटी पारित गर्न निर्णयार्थ पेश हुँदा सर्वसम्मत रुपमा पारित भयो ।

६. आजको बैठकको कार्यसूचीको क्रमसंख्या ६ मा रहेको ४३औं कार्यपालिकाबाट स्वीकृत भएको करार दरवन्दी अनुमोदन गर्ने सम्बन्धमा कार्यालयको सेवा प्रभावलाई थप प्रभावकारी बनाउनको लागि थप जनशक्ति करारबाट व्यवस्थापन गर्न ४३औं कार्यपालिकाबाट देहाय बमोजिमको करार दरबन्दी स्वीकृत गरेकोमा उक्त करार दरबन्दी नगरसभाबाट अनुमोदन गर्नको लागि निर्णयार्थ पेश हुँदा सर्वसम्मत रुपमा पारित भयो ।

(क) सहरी स्वास्थ्य प्रबर्धन केन्द्रहरुका लागि १३ औं नगरसभाबाट स्वीकृत अस्थायी दरबन्दी मध्ये स्वास्थ्य बीमा लागु भएका १० वटा (वडा नं. ८, १४,१९,२६, ३०,७,१०, १२,१६,२७) स्वास्थ्य प्रवर्द्धन केन्द्र प्रत्येकमा मेडिकल अधिकृत १ जना, ल्याब टेक्निसियन १ जना र कार्यालय सहयोगी १ जनाको थप जनशक्ति व्यवस्थापन हुने गरी कुल ३० दरबन्दी ।

(ख) काठमाडौं महानगरपालिका सूचना प्रविधि विभाग अन्तर्गत “सफ्टवेयर विकास तथा संचालन केन्द्र” को लागि: कुल २० दरबन्दी ।

| क्रस | पदको नाम | तह | सेवा | समूह | संख्या | साविकको दरवन्दी | पदपूर्ति प्रकृया |
|---|---|---|---|---|---|---|---|
| १ | Chief Technology Officer (CTO) | ८ | प्राविधिक | प्राविधिक (IT Engineer) | १ | ० | करार सेवा |
| २ | Project Manager (PM) | ७ | प्राविधिक | प्राविधिक (IT Engineer) | १ | ० | |
| ३ | System Analyst | ७ | प्राविधिक | प्राविधिक (IT Engineer) | १ | ० | |
| ४ | Solution Architect | ७ | प्राविधिक | प्राविधिक (IT Engineer) | १ | ० | |
| ५ | Front-End Developer | ७ | प्राविधिक | प्राविधिक (IT) | २ | ० | |
| ६ | Back-End Developer | ७ | प्राविधिक | प्राविधिक (IT) | २ | ० | |
| ७ | Database Engineer | ७ | प्राविधिक | प्राविधिक (IT) | १ | ० | |
| ८ | QA Engineer | ७ | प्राविधिक | प्राविधिक (IT) | १ | ० | |
| ९ | Support Engineer | ७ | प्राविधिक | प्राविधिक (IT) | ४ | ० | |
| १० | Data Engineer | ७ | प्राविधिक | प्राविधिक (IT) | १ | ० | |
| ११ | Data Scientist | ७ | प्राविधिक | प्राविधिक (IT) | १ | ० | |
| १२ | AI/ML Engineer | ७ | प्राविधिक | प्राविधिक (IT Engineer) | १ | ० | |
| १३ | Security Engineer | ७ | प्राविधिक | प्राविधिक (IT Engineer) | १ | ० | |
| १४ | DevOps Engineer | ७ | प्राविधिक | प्राविधिक (IT Engineer) | १ | ० | |
| १५ | कार्यालय सहयोगी | १ | प्रशासन | | १ | ० | |

७. बैठकको कार्यसूचीको क्रमसङ्ख्या ७ मा रहेको लेखा समितिबाट पेश भएको बेरुजु नियमित गर्ने प्रतिवेदन प्रस्ताव प्रस्तुत गर्न लेखा समितिका संयोजक श्री गायत्री पुडासैनीलाई सभाध्यक्षबाट समय उपलब्ध गराए पश्चात लेखा समितिको प्रस्ताव प्रस्तुत हुँदा काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०७३।०७४ देखि २०८०।०८१ सम्मको फछ्यौंट हुन बाँकी बेरुजु मध्ये नियमानुसार नियमित गराउनु पर्ने रु. २२,७५,५१,७२३।- र सम्परीक्षणको लागि प्रमाण प्राप्त भएको रु. ३,६४,००,०११।- गरी जम्मा रु. २६,३९,५१,७३४।- (छब्बिस करोड उनान्चालिस लाख एकाउन्न हजार सात सय चौतिस रुपैया मात्र) नियमित तथा सम्परीक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा पेश गर्न सभामा छलफल हुँदा प्रस्तुत प्रस्ताव सर्वसम्मत रुपमा पारित भयो ।

८. आजको बैठकको कार्यसूचीको क्रमसंख्या ८ मा रहेको कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव सम्बन्धमा काठमाडौं महानगरपालिकाको संगठन संरचना तथा दरबन्दी पुनरावलोकन गर्ने कार्यको लागि बागमती प्रदेश सरकारबाट जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐनको दफा ५ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा समिति गठन हुने र प्रतिवेदन नगरसभाबाट स्वीकृत हुने व्यवस्था अनुसार प्रशासकीय अधिकृतको संयोजकत्वमा समिति गठन भई संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गर्ने कार्य भइरहेको हुँदा उक्त समितिबाट पेश हुने प्रतिवेदनलाई नगर कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउन नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव निर्णयार्थ पेश हुँदा सर्वसम्मत रुपमा पारित भयो ।

यस सभामा छलफल गर्ने अन्य विषय नभएको र निर्धारित कार्यसूचीमा उल्लिखित प्रस्तावहरु सर्वसम्मत रुपमा पारित भएकोले यस कार्यमा संलग्न सबै जनप्रतिनिधि तथा कर्मचारीलाई धन्यवाद सहित गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ३ को उपदफा (२) बमोजिम काठमाडौं महानगरपालिका नगर सभा अठारौं अधिवेशन सभाध्यक्षबाट अन्त्य भएको घोषणा भयो ।